नेपाल राजपत्र

भाग ५

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पुस १७ गते २०३५ साल

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालयको

सूचना

श्री ५ को सरकार, नेपाल र संघिय गणतन्त्र जर्मनी सरकारका बीच भएको आर्थिक सहयोगसम्बन्धी सम्झौताको अंग्रेजी र नेपाली प्रति सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

श्री ५ को सरकार, नेपाल तथा संघिय गणतन्त्र जर्मनी सरकारका

बीच

आर्थिक सहयोगसम्बन्धी सम्झौता

श्री ५ को सरकार, नेपाल

र

संघीय गणतन्त्र जर्मनी सरकार

व्यापार तथा विकास समितिको ११ मार्च १९७८ को प्रस्ताव नं. १६५ (एस– IX) लाई मान्यता दिंदै तदनुसार औद्योगिक राष्ट्रहरूले असम्पन्न राष्ट्रहरू खास गरी अल्पविकसित राष्ट्रहरूलाई उपलब्ध गराएको सरकारी विकासऋण सहायताका शर्तहरूलाई हाल प्रचलित सरल शर्तहरूमा परिणत गर्न वा अरू समान उपायहरू अपनाउन तत्पर भएकाले,

२६९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल अधिराज्य र संघिय गणतन्त्र जर्मनीका बीच कायम रहेको मैत्री सम्बन्धको भावना अनुकूल,

विकास सहायताको क्षेत्रमा फलदायी सहयोगबाट ती मैत्रीपूर्ण सम्बन्धहरूलाई अझ बढी सुदृढ र गहन तुल्याउन इच्छुक भई,

यी सम्बन्धहरूको पालना नै वर्तमान सम्झौताको आधार हो भन्ने अवगत गरी,

नेपाल अधिराज्यको आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउने अभिप्रायले,

देहायबमोजिम गर्न सहमत भएका छन् :–

दफा १

संघिय गणतन्त्र जर्मनी सरकारले यस सम्झौताको अनुसूचीमा उल्लेख भएबमोजिम अन्तरसरकारी सम्झौताहरूको आधारमा सम्पन्न भएका डी. एम. २६,०००,००० (२ करोड ६० लाख जर्मन मार्क) को यसै अनुसूचीमा उल्लेखित ऋण तथा जमानत सम्झौताहरू जुन श्री ५ को सरकार, नेपाल वा अन्य ऋणीहरूद्वारा सम्पन्न भएका छन् एवं दुई सरकारहरूले क्रेडिटान्सटाल्ट फर वेदरफवाउ (विकास ऋण निगम) फ्रकफर्ट/मेनसंग संयुक्त रूपले तय गरेका छन्, लाई देहायबमोजिम संशोधन गर्ने भएको छः–

(क) श्री ५ को सरकार, नेपाललाई उपलब्ध गराइएको ऋणलाई ३१ डिसेम्बर १९७८ देखि अनुदानमा परिणत गरिनेछ जसले गर्दा माथि उल्लेख भएको ऋण तथा जमानत सम्झौताहरू अन्तर्गत उक्त मितिपछि भुक्तानी गर्नुपर्ने ब्याज तथा साँवा भुक्तानी गर्नुपर्ने छैन ।

(ख) श्री ५ को सरकार, नेपाल बाहेक अन्य ऋणीहरूले माथि उप-प्रकरण (क) मा उल्लेख भएबमोजिमको भुक्तानी क्रेडिटान्सटाल्ट फर वेदरफवाउ (विकास ऋण निगम) लाई नगरी स्थानीय मुद्रामा श्री ५ को सरकार, नेपाललाई भुक्तान गरी ऋण मुक्त हुनु पर्नेछ ।

(ग) माथि उल्लेखित ऋण सम्झौताहरू अन्तर्गत खर्च भई नसकेको रकमहरूमा १ जुलाई १९७८ देखि सहयोग गर्न मञ्जूर गरेबापत लाग्ने दस्तूर (कमिटमेण्ट चार्ज) लाग्ने छैन ।

दफा २

१. संघिय गणतन्त्र जर्मनी सरकारले श्री ५ को सरकार, नेपाललाई क्रेडिटान्सटाल्ट फर वेदरफवाउ फ्रैंकफर्ट/मेनमार्फत देहायका मितिका अन्तरसरकारी सम्झौता र नोट अनुसारका डी. एम. ६०,०००,००० (६ करोड जर्मन मार्क) ऋणको सट्टा अनुदानको रूपमा उपलब्ध गराउनेछ ।

Y60

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) अन्तरसरकारी सम्झौताका मितिहरू १३ जून १९७५
२ जनवरी १९७६ र
११ नोभेम्बर १९७६

(ख) नोटका मिति २८ डिसेम्बर १९७७

२. माथि प्रकरण (१) (क) मा उल्लेख भएको अन्तरसरकारी सम्झौताहरूको अन्य व्यवस्थाको हकमा अनुकूल परिवर्तन गरी लागू गरिनेछ। प्रकरण (१) (ख) को प्रयोजनको लागि डी. एम. १०,०००,००० (एक करोड जर्मन मार्क) को अनुदान सहायताको सम्बन्धमा अर्को छुट्टै अन्तरसरकारी सम्झौता गरिनेछ।

दफा ३

अन्य विवरणहरूको हकमा श्री ५ को सरकार, नेपाल पहिलेको ऋणी तथा क्रेडिटान्सटाल्ट फर वेदरफवाउका बीचमा संघिय गणतन्त्र जर्मनीको ऐन नियम अनुरूप पृथक सम्झौताहरू सम्पन्न गरी तय गर्ने छन्।

दफा ४

यो सम्झौता लागू भएको मितिले तीन महीनाभित्र संघिय गणतन्त्र जर्मनी सरकारले श्री ५ को सरकार, नेपाललाई विपरीत घोषणाद्वारा सूचना गरेमा बाहेक यो सम्झौता बर्लिन भूमिमा पनि लागू हुनेछ।

दफा ५

यो सम्झौता हस्ताक्षर भएको मितिदेखि लागू हुनेछ।

काठमाडौंमा ४ मार्ग २०३५ मा नेपाली, जर्मन र अंग्रेजी भाषामा दुई दुई मूल प्रतिहरूमा हस्ताक्षर भयो। तिनवटै प्रतिहरू समान रूपले मान्य हुनेछन्। नेपाली तथा जर्मन भाषाका मूल प्रतिहरूमा विभिन्नता भएमा अंग्रेजी भाषाको मूल प्रति मान्य हुनेछ।

द. . . . . .

श्री ५ को सरकार, नेपालको
तर्फबाट

द. . . . . .

संघिय गणतन्त्र जर्मनी
सरकारको तर्फबाट

269

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार, नेपाल तथा संघिय गणतन्त्र
जर्मनी सरकारका बीच ४ मार्ग २०३५ मा
आर्थिक सहयोग सम्बन्धमा
भएको सम्झौताको

अनुसूची

दफा १ निम्नलिखितमा लागू हुनेछः–

अन्तरसरकारी सम्झौताहरू	२९ नोभेम्बर १९६३ २५ अप्रिल १९६६ २३ डिसेम्बर १९६८ ३१ जनवरी १९७३ १७ मे १९७४ (दुई सम्झौताहरू)
	र
ऋण तथा जमानत सम्झौताहरू	१० अप्रिल १९६४ २० जून १९६६ ९ अगष्ट १९७१ १२ सेप्टेम्बर १९७३ १५ अगष्ट १९७४ (दुई सम्झौताहरू) र ३१ मार्च १९७८

मुद्रण विभाग, सिंहदरबार

४८२

AGREEMENT
BETWEEN
HIS MAJESTY'S GOVERNMENT OF NEPAL
AND
THE GOVERNMENT OF THE FEDERAL REPUBLIC OF GERMANY
CONCERNING
FINANCIAL CO-OPERATION

His Majesty's Government of Nepal

and

The Government of the Federal Republic of Germany

Having regard to Resolution 165 (S–IX) of 11 March 1978 of the Trade and Development Board in which the industrialized nations state their readiness to adjust the terms of past official development assistance credits to poorer developing countries, in particular the least developed countries, to the currently prevailing softer terms, or to adopt other equivalent measures,

In the spirit of the friendly relations existing between the Kingdom of Nepal and the Federal Republic of Germany,

Desiring to strengthen and intensify those friendly relations by financial co-operation in a spirit of partnership,

Aware that the maintenance of those relations constitutes the basis of this Agreement,

Intending to contribute to social and economic development in the Kingdom of Nepal,

Have agreed as follows:

Article 1

The Government of the Federal Republic of Germany shall provide for the loan and guarantee agreements, as listed in the Annex to this Agreement, amounting to DM 29,000,000 (twenty-nine million Deutsche Mark) concluded on the basis of the intergovernmental agreements, also listed in the Annex, by His Majesty's Government of Nepal or other borrowers jointly determined by the two Governments with the Kreditanstalt fur Wiederaufbau (Development Loan Corporation), Frankfurt /Main, to be amended to the effect that

(a) the loans granted to His Majesty's Government of Nepal shall be turned into grants as from 31 December 1978 and hence interest and amortization payment obligations under the aforementioned loan and guarantee agreements falling due from that date onwards remitted,

263
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(b) borrowers other than His Majesty's Government of Nepal shall make the payments referred to in sub-paragraph (a) above not to the Kreditanstalt fur Wiederaufbau but in local currency to His Majesty's Government of Nepal with the effect that the debts are discharged, and

(c) commitment charges shall as from 1 July 1978 not be made on amounts not disbursed under the aforementioned loan agreements.

Article 2

(1) The Government of the Federal Republic of Germany shall enable His Majesty's Government of Nepal to obtain from the Kreditanstalt fur Wiederaufbau, Frankfurt/Main, instead of the loans amounting to DM 60,000,000 (sixty million Deutsche Mark) committed under

(a) the intergovernmental agreements of 13 June 1975, 2 January 1976, and 11 November 1976

and

(b) the Note of 28 December 1977

financing contributions on a grant basis.

(2) In all other respects the provisions of the intergovernmental agreements referred to in paragraph (1) (a) above shall apply mutatis mutandis. A separate intergovernmental agreement shall be concluded on the financing contribution pursuant to paragraph (1) (b) above amounting to DM 10,000,000 (ten million Deutsche Mark).

Article 3

Further details shall be settled in separate agreements to be concluded between His Majesty's Government of Nepal, the previous borrower and the Kreditanstalt for Wiederaufbau, which shall be subject to the laws and regulations applicable in the Federal Republic of Germany.

Article 4

This Agreement shall also apply to Land Berlin, provided that the Government of the Federal Republic of Germany does not make a contrary declaration to His Majesty's Government of Nepal within three months of the date of entry into force of this Agreement.

468
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

Article 5

This Agreement shall enter into force on the date of signature thereof.

DONE at Kathmandu on 19 November 1978

In duplicate in the Nepalese, German and English languages, all three texts being authentic. In case of divergent interpretations of the Nepalese and the German texts, the English text shall prevail.

Sd.....

For His Majesty's Government of Nepal

Sd.....

For the Government of the Federal Republic of Germany

मुद्रण विभाग, नेपाल सरकार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

Annex to the Agreement of 19 November 1978 between His Majesty's Government of Nepal and the Government of the Federal Republic of Germany concerning Financial Co-operation

Article 1 shall apply to the following:

– the intergovernmental agreements of 29 November 1963,
25 April 1966,
23 December 1968,
31 January 1973,
17 May 1974 (two agreements),
18 October 1977, and

– the loan and guarantee agreements of 10 April 1964,
20 June 1966,
9 August 1971,
12 September 1973,
15 August 1974 (two agreements),
and 31 March 1978.

आज्ञाले–
सूर्यनाथ उपाध्याय
श्री ५ को सरकारको उप-सचिव

मुद्रण विभाग राजपत्र

२६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालयको सूचना

श्री ५ को सरकार, नेपाल र संघिय गणतन्त्र जर्मनी सरकारका बीच भएको आर्थिक सहायतासम्बन्धी सम्झौताको अंग्रेजी र नेपाली प्रति सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

श्री ५ को सरकार, नेपाल र संघिय गणतन्त्र जर्मनी सरकारका
बीच
आर्थिक सहायतासम्बन्धी सम्झौता

श्री ५ को सरकार, नेपाल
र
संघिय गणतन्त्र जर्मनी सरकार

नेपाल अधिराज्य र संघिय गणतन्त्र जर्मनी बीच रहिआएको मैत्रीपूर्ण सम्बन्धको भावनालाई लिएर विकास सहायताको क्षेत्रमा फलदायी सहयोगद्वारा ती सम्बन्धहरूलाई सुदृढ एवं मजबूत गर्दै जाने इच्छा लिई, ती सम्बन्धहरूको पालनालाई सम्झौताको आधार मानी, नेपाल अधिराज्यको आर्थिक तथा सामाजिक विकासमा सहायता गर्ने अभिप्रायले देहायबमोजिम गर्न मञ्जूर गरेका छन्:–

दफा १

(१) संघिय गणतन्त्र जर्मनी सरकारले श्री ५ को सरकार, नेपाललाई कन्काई बहुउद्देश्यीय आयोजना कार्यान्वियनको लागि संभाव्य ठहरिएपछि डी. एम. ५०,०००,००० (पाँच करोड जर्मन मार्क) बराबरको सहायता फ्रैंकफर्ट/मेनस्थित (क्रेडिटान्सटाल्ट फर वेदरफवाउ (विकास ऋण संस्थान) बाट झिक्न अनुमति दिनेछ ।

(२) श्री ५ को सरकार, नेपाल तथा संघिय गणतन्त्र जर्मनी सरकारको मञ्जूरीले उप-दफा १ मा उल्लेख गरिएको आयोजनाको सट्टा अन्य कुनै आयोजना लिन पनि सकिनेछ ।

दफा २

यो आर्थिक सहायताको उपयोग, साथै सहायता उपलब्ध गरिने शर्त र बन्देजहरू, श्री ५ को सरकार, नेपाल र क्रेडिटान्सटाल्ट फर वेदरफवाउको बीच हुने सम्झौतामा व्यवस्था भएबमोजिम हुनेछ, जुन संघिय गणतन्त्र जर्मनीको प्रचलित कानून तथा नियमहरूको अधीन हुनेछ ।

दफा ३

श्री ५ को सरकार, नेपालले क्रेडिटान्सटाल्ट फर वेदरफवाउलाई वर्तमान सम्झौताको दफा २ मा उल्लेखित सम्झौता सम्पन्न भएको वा कार्यान्वयन भएको समयमा नेपाल अधिराज्यमा लगाइएका सबै कर तथा अन्य सरकारी दस्तूरहरू छूट दिनेछ । २०७६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दफा ४

श्री ५ को सरकार, नेपालले यात्रीहरू र सरसामान पठाउने व्यक्तिहरूलाई इच्छा अनुसार सामुद्रिक, स्थल वा हवाई यातायातका साधनहरूबाट ऋणको सिलसिलामा व्यक्तिको आवागमन तथा सरसामानहरू ओसार्न दिनेछ र संघिय गणतन्त्र जर्मनीमा कार्य गरिरहेका यातायात संस्थानहरूलाई बाहेक गर्ने वा निजहरूलाई भागलिने काममा बाधा पुऱ्याउनेतर्फ कदम उठाउने छैन र आवश्यक अनुमतिपत्रहरू पनि दिनेछ ।

दफा ५

सहायता उपयोग गर्ने आयोजनाहरूको लागि ल्याइने मालसामानहरू र सेवाहरू व्यक्तिगत रूपमा दिने अर्को व्यवस्था भएमा बाहेक, अन्तर्राष्ट्रिय प्रतिस्पर्धा मुताबिक हुनेछ ।

दफा ६

यो अनुदानबाट उपलब्ध गरिने मालसामानहरूको सम्बन्धमा संघिय गणतन्त्र जर्मनी सरकारले बर्लिन भूमिका उद्योगहरूको उत्पादनहरूलाई ग्राह्यता दिनमा खास महत्व राख्दछ ।

दफा ७

हवाई यातायातसम्बन्धी दफा ४ का व्यवस्थाहरू बाहेक यो सम्झौता लागू भएको मितिले तीन महीनाभित्र संघिय गणतन्त्र जर्मनी सरकारले श्री ५ को सरकारलाई प्रतिकूल सूचना नदिएमा यो सम्झौता बर्लिन भूमिमा पनि लागू हुनेछ ।

दफा ८

यो सम्झौता हस्ताक्षर भएको मितिदेखि लागू हुनेछ ।

काठमाडौंमा मिति ४ मार्ग २०३५ मा दुई दुई प्रति नेपाली, जर्मन र अंग्रेजी भाषाका मूल प्रतिहरूमा हस्ताक्षर गरियो । यी तीनै भाषाका प्रतिहरू समानरूपले मान्य हुनेछन् । नेपाली र जर्मन प्रतिहरूमा विभिन्नता भएमा अंग्रेजी भाषाको प्रति मान्य हुनेछ ।

द. . . . . .

श्री ५ को सरकार, नेपालको
तर्फबाट

द. . . . . .

संघिय गणतन्त्र जर्मनी सरकारको
तर्फबाट

४७८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

AGREEMENT
BETWEEN
HIS MAJESTY'S GOVERNMENT OF NEPAL
AND
THE GOVERNMENT OF THE FEDERAL REPUBLIC OF GERMANY
CONCERNING
FINANCIAL CO-OPERATION

His Majesty's Government of Nepal

and

The Government of the Federal Republic of Germany

In the spirit of the friendly relations existing between the Kingdom of Nepal and the Federal Republic of Germany,

Desiring to strengthen and intensify those friendly relations by financial co-operation in a spirit of partnership,

Aware that the maintenance of those relations constitutes the basis of the present Agreement,

Intending to contribute to social and economic development in the Kingdom of Nepal,

Have agreed as follows:

Article 1

(1) The Government of the Federal Republic of Germany shall enable His Majesty's Government of Nepal to obtain from the Kreditanstalt fur Wiederaufbau (Development Loan Corporation), Frankfurt/Main, a financing contribution up to DM 50,000,000 (fifty million Deutsche Mark) for the Kankai multi-purpose project if after examination the project is found to be eligible for promotion.

(2) The project referred to in paragraph 1 above may be replaced by other projects if His Majesty's Government of Nepal and the Government of the Federal Republic of Germany so agree.

Article 2

The utilization of the financing contribution as well as the terms and conditions on which it is granted shall be governed by the provisions of the financing agreement to be concluded between His Majesty's Government of Nepal and the Kreditanstalt fur Wiederaufbau, which shall be subject to the laws and regulations applicable in the Federal Republic of Germany.

Article 3

His Majesty's Government of Nepal shall exempt the Kreditanstalt fur Wiederaufbau from all taxes and other public charges levied to the Kingdom of Nepal in connection with the conclusion or implementation of the agreement referred to in Article 2 of this Agreement.

Article 4

His Majesty's Government of Nepal shall allow passengers and suppliers free choice of transport enterprises for such transportation by sea, land or air of persons and goods as results from the granting of the contribution, abstain from taking any measures that might exclude or impair the participation on equal terms of transport enterprises having their place of business in the German area of application of this Agreement, and grant permits for the participation of such enterprises as required.

Article 5

Supplies and services for projects financed from the contribution shall, unless otherwise provided for in individual cases, be subject to international public tender.

Article 6

With regard to supplies and services resulting from the granting of the contribution, the Government of the Federal Republic of Germany attaches particular importance to preferential use being made of the economic potential of Land Berlin.

Article 7

With the exception of those provisions of Article 4 which refer to air transport, this Agreement shall also apply to Land Berlin, provided that the Government of the Federal Republic of Germany does not make a contrary declaration to His Majesty's Government of Nepal within three months of the date of entry into force of this Agreement.

Article 8

The present Agreement shall enter into force on the date of signature thereof.

DONE at Kathmandu on 19 November 1978

In duplicate in the Nepalese, German and English languages, all three texts being authentic. In case of divergent interpretations of the Nepalese and German texts, the English text shall prevail.

Sd... ... ...
For His Majesty's Government of Nepal

Sd ... ...
For the Government of the Federal Republic of Germany

आज्ञाले–
सूर्यनाथ उपाध्याय
श्री ५ को सरकारको उप-सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।